**Humanities and Social Sciences Journal**
2023; Volume 15, Numbers 1-2 : 205-216
https://rrlc.tu.edu.np

doi: https://doi.org/10.3126/hssj.v15i1-2.63792
ISSN: 2594-3065 (Print); ISSN: 3021-9744 (Online)

Tribhuvan University,
Ratna Rajyalaxmi Campus,
Research & Educational
Development Project Management
Committee (RMC), Kathmandu, Nepal

# गणतन्त्र नेपालको स्थापनामा संसद र मिडियाको योगदान

**जगत नेपाल**

**उपप्राध्यापक, पत्रकारिता तथा आमसञ्चार विभाग, रत्न राज्यलक्ष्मी क्याम्पस, त्रि.वि.**

**इमेलः** jagatnepal@gmail.com

**Received**: September 15, 2023; **Accepted**: November 24, 2023; **Published**: November 30, 2023

**सारसङ्क्षेप**

प्रस्तुत अनुसन्धानात्मक लेख नेपालमा गणतन्त्र स्थापनाका पक्षमा जनमत बनाउन संसद र मिडियाले गरेको योगदानमा केन्द्रित छ । २०५८ जेठ १९ गतेको दरवार हत्याकाण्डमा राजा वीरेन्द्रको वंशनाश भएपछि गद्दीको उत्तराधिकारी बनेका राजा ज्ञानेन्द्रले संविधान मिचेर २०६१ माघ १९ गते प्रधानमन्त्री शेरबहादुर देउवालाई वर्खास्त गरी आफ्नै अध्यक्षतामा मन्त्रिमण्डल गठन गर्नु, मिडियामा सैन्य सेन्सरसीप लगाउनु, एकद्वार विज्ञापन नीतिका नाममा आर्थिक नाकाबन्दी लगाएर स्वतन्त्र सञ्चार माध्यमलाई आफै बन्द हुने अवस्थामा पुऱ्याउन खोज्नु, शाही कदमको विरोधमा लेख्ने पत्रकारलाई पक्राउ गर्नु जस्ता कारण नेपाली मिडियाले राजा र राजपरिवारका नकारात्मक पक्षालाई बढी महत्त्व र प्राथमिकताका दियो । जनअधिकार खोसेर दरवारलाई बलियो बनाउने राजाको कदमले सात संसदवादी दल र विद्रोही दुवै शक्तिलाई १२ बुँदे सहमित गरी राजतन्त्र विरुद्ध सङ्घर्ष गर्ने विन्दुमा पुऱ्याई दियो । त्यही सहमतिको बलमा 'निरंकुश राजतन्त्रको अन्त्य र पूर्ण प्रजातन्त्रको स्थापना' का लागि सुरु भएको २०६२-२०६३ को जनआन्दोलनमा गणतन्त्रको मुद्दा जोडतोडका साथ उठ्यो । राजाबाट पटक पटक प्रजातन्त्र अपरहण भएकाले राजतन्त्र रहँदासम्म प्रजातन्त्र सुरक्षित रहन सक्दैन भनेर जनताले सडकबाट उठाएको आवाजलाई उच्च प्राथमिकताका साथ समाचार, विचार र सम्पादकीयमा स्थान दिँदै नेपाली मिडियाले राजालाई विष्णुको अवतार मान्ने नेपाली समाजमा राजतन्त्र नभए पनि देश चल्न सक्छ भन्ने जनमत निर्माणमा योगदान गऱ्यो । आन्दोलन गणतन्त्रउन्मुख भएपछि राजा संसद पुनर्स्थापना गर्न बाध्य भए । पुनर्स्थापित संसदले क्रमशः राजाका राजनीतिक र सांस्कृतिक अधिकार कटौती गर्दै गणतन्त्रको आधार बनाउँदै गयो । त्यही बेला नेपाली प्रेसले राजतन्त्र रहँदासम्म प्रेस स्वतन्त्रता र नागरिक अधिकारको रक्षा हुन नसक्ने ठहर गर्दै गणतन्त्रमा जानुको विकल्प छैन भन्ने सन्देश प्रवाह गऱ्यो । यो लेख पुनर्स्थापित संसदबाट राजाका अधिकार कटौती गर्दै २०६५ जेठ १५ गते संविधानसभाको पहिलो बैठकबाट गणतन्त्र कार्यान्वयन गर्दासम्मको कालखण्डमा संसद र नेपाली मिडियाले गरेको योगदानमा केन्द्रित छ ।

***शब्दकुञ्जी :*** पत्रपत्रिका, पुनर्स्थापित प्रतिनिधिसभा, संविधानसभा, राजतन्त्र, प्रजातन्त्र

## परिचय

नेपालमा राजतन्त्र कहिलेबाट प्रारम्भ भयो भन्ने प्रामाणिक इतिहास छैन । कतिपय इतिहासकारहरूले नेपाली समाजको प्रारम्भ गणतन्त्रात्मक अर्थात जनताले चुनेका शासकबाट भएको उल्लेख गरेका छन् (कार्की, २०६९ : ११-१३) । आठौँ शताब्दीसम्म आइपुग्दा गोपाल वंश, महिषपाल वंश, किराँत वंश र लिच्छवी वंशले नेपालमा शासन गरेपनि लिच्छविकालदेखि (इ.सं. १८५) मात्र वंशमा आधारित राजतन्त्र प्रारम्भ भएको मानिन्छ विष्ट (२०७४) का अनुसार राजा जयदेव (प्रथम) निर्वाचित राजाका रूपमा उदय भएसँगै स्थापना भएको लिच्छवि राज्य करिव ६ सय वर्षसम्म कायम रहेर वि.सं. ९३६ मा पतन भएपछि मल्लवंश सुरु भयो (पृ. ४१) । गोर्खाका राजा पृथ्वीनारायण शाहले आक्रमण, विवाह र कूटनीतिका माध्यमबाट ससाना राज्यहरूलाई विलय गरी नेपालको स्थापना गरेपछि शाहवंशका  दश पुस्ताले शासन चलाए (शर्मा, २०६६ : १९) । २००६ सालमा नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को स्थापना हुँदासम्म गणतन्त्र शब्दको प्रयोग भएको पाइँदैन । त्यो पार्टीको दस्तावेजमा लेखिएको 'सामन्तवादको अन्त्य' भन्ने वाक्यलाई आधार मान्ने हो भने गणतन्त्रको बहस चलाउने श्रेय नेकपाका संस्थापक पुष्पलाललाई जान्छ (खनाल, २०८० : ५०२)। नेकपा स्थापनाको दुई वर्ष पछि २००८ साल माघ ८ गते के.आई. सिंहको नेतृत्वमा रक्षा दलका जवानहरूले सिंहदरबार कब्जा गरेपछि मात्र कम्युनिष्ट पार्टीमा राजतन्त्र कि गणतन्त्र भन्ने विषयमा बहस प्रारम्भ भएको पाइन्छ (के.सी., २०६५ : ९४ )। त्यो दिन काँधमा बन्दुक भिरेर माइकिङ गर्दै कम्युनिष्ट पार्टीका कार्यकर्ता गौरीभक्त प्रधानले-सरकारका १४ मन्त्रीलाई कब्जामा लिएर नयाँ गणतन्त्र नेपाल घोषणा गरेको अभिव्यक्ति दिएको दुई दिनपछि माघ १० गते सरकारले नेकपा माथि प्रतिबन्ध लगाएको थियो । महासचिव मनमोहन अधिकारीले २०१३ बैशाख ११ गते राजाको वैधानिक नायकत्वमा प्रचलित कानूनको अधीनमा रही आफ्नो समाजवादी सिद्धान्तको प्रचार गर्ने व्यहोराको वक्तव्य जारी गरेपछि मात्र नेकपा माथिको प्रतिबन्ध हटाइएको थियो (नेपाल गजेट : २०१३ बैशाख ११)। अनी मात्र राजा महेन्द्र, पिता त्रिभुवनको बाचाअनुरूप संविधानसभा चुनाव हुन नदिएर संसदको निर्वाचन गराउन सहमत भएका थिए (नेपाल, २०७३ : २७)। दरवारको सहयोगविना निर्वाचित सरकार चल्न नसक्ने व्यवस्थासहित नेपाल अधिराज्यको संविधान २०१५ जारी गरेपछि राजाले संसद निर्वाचनको मिति घोषणा गरे । अनि मुलुकमा भएको पहिलो संसदीय निर्वाचनमा दुई तिहाई बहुमत प्राप्त प्रधानमन्त्री बीपी कोइराला नेतृत्वको सरकार र संसदलाई १८ महिना नपुग्दै (२०१७ साल पुष १ गते) विघटन गरी राजाले ३० वर्षसम्म निरङ्कुश शासन चलाए (झा, २०७३ : ६)। त्यही बेलादेखि राजतन्त्र नै प्रजातन्त्रको बाधक शक्ति हो भन्ने भावना बढ्दै गएर नेपाली जनताको ठुलो हिस्सा र राजतन्त्रबीच प्रत्यक्ष सङ्घर्ष सुरु भयो (देवकोटा, २०७३ : १६९)। रामराजा प्रसाद सिंह नेतृत्वको नेपाल जनवादी मोर्चाले गणतन्त्र स्थापनाका लागि सशस्त्र क्रान्ति सञ्चालन गर्दै २०४२ असार ६ गते राष्ट्रिय पञ्चायत भवन, अन्नपूर्ण होटल र नारायणहिटी दरबारको पश्चिम र दक्षिण ढोकामा विस्फोटन गरायो (गौतम, २०७६ भाग ६ : ६८) । त्यो घटनामा राष्ट्रिय पञ्चायत सदस्य डम्बरजंग गुरुङसहित पाँचको ज्यान गयो, १७ घाइते भए (अधिकारी, २०७१ : ३०२) । सिंहसहित उनका चार सहयोगीलाई मृत्युदण्डको सजाय सुनाइयो । भारत प्रवासबाट सिंहले राजतन्त्रको समाप्ति र गणतन्त्र स्थापनाका लागि क्रान्ति सुरु भएको भन्दै वक्तव्य जारी गरे (अधिकारी, २०७१ : ३०३) ।

त्यसपछिका दिनमा मोर्चाको गतिविधि शिथिल हुँदै गयो । २०४६ को जनआन्दोलनले प्रजातन्त्र पुनर्बाहली गरेपछि मुलुकमा बहुदलीय प्रजातन्त्र र संवैधानिक राजतन्त्रको अभ्यास भैरहँदा २०५१ फागुन १ गते राष्ट्रिय जनमोर्चाले गणतन्त्रको माग अघि सार्दै सशस्त्र विद्रोह सञ्चालन गऱ्यो । माओवादी द्वन्द्व चर्किंदै गर्दा २०५८ जेठ १९ गतेको दरबार हत्याकाण्डमा वीरेन्द्रको वंशनाश भयो । उनका उत्तराधिकारी ज्ञानेन्द्रले मुलुकको कार्यकारी अधिकार हातमा लिएर निरंकुश शासक बन्ने महत्त्वकाङ्क्षा राखेपछि नेपालमा गणतन्त्र स्थापनाका पक्षमा बलियो आधार बन्यो (बस्नेत, २०७७ : १८९)। २०६२-०६३ को जनआन्दोलन गणतन्त्र उन्मुख भएपछि २०६३ बैसाख ११ गते मध्यराति आन्दोलनरत दलहरूले तयार गरेको मस्यौदा जस्ताको तस्तै वाचन गरी राजा प्रतिनिधिसभा पुनर्स्थापना गर्न बाध्य भए । राजनीतिक दलहरूले पुनर्स्थापित संसदमार्फत् क्रमश : राजनीतिक र सांस्कृतिक अधिकार कटौती गर्दै राजालाई नारायणहिटी दरबारमा सीमित गरिदिए (संसदीय विवरण पुस्तिका, २०७७ : ४४-४५)। राजालाई अधिकारविहीन बनाउँदै गणतन्त्रतर्फ जाने राजनीतिक दल र पुनर्स्थापित संसदको मार्गचित्रलाई उच्च महत्त्व दिएर समाचार, विचार र सम्पादकीय प्रकाशन गर्दै मूलधारका नेपाली पत्रिकाले राजालाई विष्णुको अवतार मान्ने नेपाली समाजमा राजा नभए पनि देश चल्छ भन्ने सन्देश प्रवाह गरी गणतन्त्रको मुद्दा स्थापित गर्न योगदान गरे ।

## सैद्धान्तिक अवधारणा

यो अनुसन्धान 'एजेन्डा सेटिङ' सिद्धान्तमा आधारित छ । म्याक्वेल (सन् २०१२) का अनुसार- मिडियाले आफ्ना पाठक, श्रोता, दर्शकलाई मुख्य मुद्दाहरूका बारेमा जानकारी मात्र गराउँदैन त्यस विषयमा के सोच्ने र कसरी सोच्ने भन्ने समेत तय गर्छ (पृ.५१२)। सन् १९६८ मा भएको अमेरिकी राष्ट्रपति निर्वाचनमा नर्थ क्यारोलिना विश्वविद्यालयका दुई प्राध्यापक म्याककम्वस् र सले चपेलहिल क्षेत्रका विभिन्न पाँच स्थानका मतदाताहरूबिच चुनावी अभियानका क्रममा उठाइएका विषयवस्तुहरूलाई मुख्य आधार मानेर गरेको अध्ययनबाट मिडियाले तटस्थ मतदातालाई कसको पक्षमा मतदान गर्ने भन्ने निर्णय पुग्न सहयोग पुगेको तथ्य पत्ता लगाएका थिए (म्याक्वेल, सन् २०१२ : ५१२) । म्याक्कम्वस् र सका (सन् १९७२) अनुसार, मिडियाले निश्चित लक्ष्य र उद्देश्यका साथ सूचना र विचारको प्रवाह गरी समाजामा मुद्दा स्थापित गर्न योगदान गर्छ । पाठक, श्रोता, दर्शकको रुचि र आवश्यकताका आधारमा सूचना, समाचार र विचारको प्रवाह गर्नु मिडियाको धर्म नै हो । मिडियाले आफ्ना पाठक, दर्शक श्रोतालाई सूचना मात्र दिँदैन, कुन विषयमा के कसरी सोच्ने र धारणा बनाउने भन्ने मुद्दा समेत स्थापित गर्छ (बरान र डेभिस, सन् २००० : २९७)।

## अध्ययन विधि र सीमा

प्रस्तुत लेख यसअघि प्रकाशित सन्दर्भ सामग्रीको अध्ययन, संसदका प्रकाशन र अभिलेखको अध्ययन, उद्देश्यमूलक अन्तर्वार्ता र २०६३ बैशाख ११ मा राजाले प्रतिनिधिसभा पुनर्स्थापना गरेपछि संसदमार्फत् राजाका अधिकार कटौती गर्दै र ऐतिहासिक संविधानसभाको पहिलो बैठकबाट लोकतान्त्रिक गणतन्त्र कार्यान्वयन हुँदासम्म काठमाडौंबाट नेपाली भाषामा प्रकाशित हुने नेपाली ब्रोड सिट *दैनिक गोरखापत्र, कान्तिपुर* र *अन्नपूर्ण*

*पोष्ट*को प्रथम पृष्ठमा प्रकाशित समाचार र सम्पादकीयको अध्ययनमा आधारित छ । प्राप्त तथ्याङ्कलाई वर्णनात्मक र विश्लेषणात्मक विधिमार्फत् प्रस्तुत गरिएको छ । संसदबाट राजाका अधिकार कटौती गरी संविधानसभा निर्वाचन र गणतन्त्र कार्यान्वयन हुँदासम्मका घटनाक्रम बारे पत्रपत्रिकाले कसरी समाचार र सम्पादकीय प्रकाशन गरे; पत्रपत्रिकाले गणतन्त्रको पक्षमा जनमत बनाउन कस्तो योगदान गरे भनेर जान्न चाहने शोधार्थी, नेपाली राजनीति, इतिहास र पत्रकारिताकावारे अध्ययन गर्न चाहने विद्यार्थीहरूका लागि यो आलेख उपयोगी हुन सक्छ ।

**दरबार हत्याकाण्ड : राजतन्त्र पतनको आधार**

२०४६ सालको जनआन्दोलनले मुलुकमा प्रजातन्त्र पुनर्स्थापना गरेपछि प्रेस मैत्री संविधान र कानुन बनेकाले एक दशकको छोटो अवधिमै नेपाली प्रेसले व्यावसायिक स्वरूप धारण गर्न सक्यो । सञ्चार गृहहरूबिचको प्रतिस्पर्धाले पत्रकारिताको गुणस्तर बढ्नुका साथै राजनीतिक, सामाजिक, सांस्कृतिक मुद्दामा बहस चलाउँदै जनमत निर्माण गर्ने, सरकारका कामकारबाहीमाथि निगरानी गरी जनताप्रति उत्तरदायी बनाउने, प्रजातन्त्र र प्रजातान्त्रिक संस्थाहरूको सबलीकरणमा सघाउने साझा मञ्चका रूपमा नेपाली प्रेसले आफूलाई स्थापित गरिसकेको अवस्था थियो (नीलाम्बर आचार्य, अन्तर्वाता, २३ कात्तिक, २०७५) । मुलुकमा संसदीय प्रजातन्त्र र संवैधानिक राजतन्त्रको अभ्यास प्रारम्भ भएको एक दशक पूरा नहुँदै २०५८ जेठ १९ को दरबार हत्याकाण्डमा राजा वीरेन्द्रको वंशनाश भयो । त्यो घटनाले राजनीतिक र सांस्कृतिक रूपमा राजसंस्था कमजोर भयो । नयाँ राजा ज्ञानेन्द्र र उनका छोरा षड्यन्त्रबाट शक्तिमा स्थापित भएको भन्ने हल्ला चलाइए (भट्टराई, कान्तिपुर : २०५८, जेठ २४) । त्यो बेला नेपाली मिडियाले राजालाई संवैधानिक सीमाभित्र रहन, शक्ति आर्जनको महत्त्वाकाङ्क्षा नराख्न, व्यापार, व्यवसायबाट हात झिक्न, राजा वीरेन्द्र र उनको परिवारको सम्पत्ति कल्याणकारी काममा लगाउन तथा संवैधानिक राजतन्त्रको स्थायित्वका पक्षमा काम गर्न उचित हुने सन्देश प्रवाह गर्‍यो (राजेन्द्र दाहाल, अन्तर्वार्ता, २०७९, भदौ २३) । अर्कोतर्फ गद्दीको उत्तराधिकारी बनेदेखि नै राजाले निर्वाचित प्रधानमन्त्रीको अपमान गर्ने, संसद भंग गराएर आफू खुसी सरकार बनाउने र विघटन गर्ने राजनीतिक प्रयोगमार्फत् प्रजातन्त्रलाई कमजोर पार्ने र दरबारलाई बलियो बनाउने रणनीति अङ्गिकार गरे (सुवासचन्द्र नेम्वाङ, अन्तर्वार्ता, २०७९, भदौ १७) । २०६१ माघ १९ मा प्रधानमन्त्री शेरबहादुर देउवालाई बर्खास्त गरी आफ्नै अध्यक्षतामा मन्त्रिमण्डल गठन गरे ।

सञ्चारगृहमा सैन्य सेन्सरसिप लगाइयो । नेपाली पत्रकारहरूको छाता सङ्गठन नेपाल पत्रकार महासङ्घले राजाको त्यो कदमलाई प्रजातन्त्र र नागरिक अधिकारविरुद्ध गरिएको 'कु' को संज्ञा दिएर कडा विरोध जनायो (दाहाल, २०६१ माघ २०) । महासङ्घको नेतृत्वमा पत्रकारहरू आन्दोलित भए । राजा र राजपरिवारको विरोधमा लेख्न नपाइने संवैधानिक व्यवस्थाका कारण ठूला लगानीका दैनिक पत्रिकाले तत्काल शाही कदमको प्रतिकार गर्न सकेनन् । पौड्याल र मैनाली (२०६४) का अनुसार राजाको अध्यक्षतामा सरकार बनेको भए पनि यथार्थमा त्यो सैनिक शासन थियो । शाही कदमको आलोचना गर्ने धेरै साप्ताहिक पत्रिका बन्द भए (पृ. १) । प्रजातन्त्र मासेर शासन सत्ता चलाउने राजाको महत्त्वाकाङ्क्षाले सात संसदवादी दल र विद्रोही नेकपा माओवादी २०६२ मंसिर ७ मा सम्पन्न १२ बुँदे सहमतिको बलमा भएको २०६२-०६३

को जनआन्दोलन उत्कर्षमा पुग्यो । सडकबाट जनताले राजतन्त्रको पूर्ण समाप्ति र गणतन्त्र स्थापनाको मुद्दा सशक्त रूपमा उठाए (हाछेथु, २०६५: २) । पत्रपत्रिकाले जनआन्दोलनको समाचारलाई प्राथमिकता मात्र दिएनन्, प्रजातन्त्रको रक्षाका लागि आन्दोलनमा सहभागी बन्न जनतालाई अभिप्रेरित गर्ने भूमिका समेत निर्वाह गरे (बाबुराम भट्टराई, अन्तर्वार्ता, २० साउन, २०७६) । राजा र राजपरिवारका नकारात्मक समाचार र विचारलाई उच्च प्राथमिकता दिएर राजतन्त्रको विरोधमा जनमत बनाउन योगदान गरे (थापा, २०६४ : १६८) जनआन्दोलनको दबाबमा २०६३ बैशाख ११ गते मध्यराति दलहरूले तयार पारेको मस्यौदा जस्ताको तस्तै वाचन गर्दै राजाले शाही घोषणामार्फत् संसद पुनर्स्थापना गरे । प्रेसमाथिको बन्देज पूर्ण रूपमा अन्त्य भयो । राजतन्त्रको निरन्तरताको पक्षमा लेखिरहेका पत्रपत्रिकाले संसद पुनर्स्थापनापछिका दिनमा जनआन्दोलनको भावनालाई कदर गर्दै राजतन्त्र नरहे पनि देश अघि बढ्न सक्छ र बढ्नुपर्छ भन्ने सन्देश प्रवाह गरेर गणतन्त्र स्थापनाका पक्षमा सशक्त जनमत बनाउन योगदान गरे ।

**राजाका राजनीतिक र सांस्कृतिक अधिकार कटौती**

संसद पुनर्स्थापनापछि नेपाल अधिराज्यको संविधान २०४७ कायमै थियो । दलहरू भने संविधान बमोजिम काम गर्दैनथे; महत्त्वपूर्ण निर्णय लिनु पर्दा जनआन्दोलनको भावनालाई आधार मान्ने गर्थे (सुवास नेम्वाङ, अन्तर्वार्ता, १७ भदौ, २०७९ ) । जनतामा परिवर्तनको सन्देश दिन राजाको प्रतीक राजदण्ड राखेपछि मात्र बैठक प्रारम्भ गर्ने प्रचलनको अन्त्य गर्दै २०६३ वैशाख १५ गते पुनर्स्थापित संसदको पहिलो बैठक प्रारम्भ भयो । सांसदहरूले पहिले जस्तो श्रीपेच अङ्कित लोगो लगाएनन् । ग्यालरी बैठक (संसद भवन) कक्षभित्र राखिएका राजा, महाराजाहरूले सिकार खेलेका ठूला ठूला तेल चित्र हटाइयो (नेपाल, २०७३ : ११३)। त्यो घटनालाई जनताको जितका रूपमा चित्रण गर्दै पत्रपत्रिकाले निक्कै महत्त्वका साथ समाचार, विचार र सम्पादकीय प्रकाशन गरे । २०६३ जेठ ४ प्रतिनिधिसभा घोषणामार्फत् शाही नेपाली सेनाको नाम परिवर्तन गरी नेपाली सेना बनाएर निर्वाचित सरकारको मातहतमा ल्याउने, सेनाको परमाधिपति राजा हुने व्यवस्था खारेज गर्ने, राजाको सम्पत्तिमाथि कर लगाउने र राजउत्तराधिकारी संसद्ले बनाएको कानुनबमोजिम चयन हुने, राष्ट्रप्रमुखको जिम्मेवारी प्रधानमन्त्रीले वहन गर्ने र संविधानसभाको पहिलो बैठकले राजतन्त्रको भविष्यबारे निर्णय गर्ने घोषणा भयो (नेपाल राजपत्र, २०६३ जेठ ४)। त्यसैगरी, राजाका कामकारवाही बारे संसदमा प्रश्न उठाउन र अदालतमा मुद्दा चलाउन सकिने, संवैधानिक निकायका प्रमुख र न्यायाधीशको नियुक्तिका लागि संसदीय सुनुवाइको व्यवस्था गर्ने, राजाको लालमोहर लागेपछि मात्र संसद्ले पारित गरेका कानुन लागु हुने परम्परा अन्त्य गरी विधेयक प्रमाणीकरणको अधिकार सभामुखलाई दिने,  श्री ५ को सरकारलाई 'नेपाल सरकार' मा रूपान्तरण गर्ने, राजपरिषद् खारेज गर्ने घोषणा भयो (नेपाल राजपत्र, २०६३ जेठ ४)। संसदको त्यो घोषणालाई पत्रपत्रिकाले 'जनताको जित र राजतन्त्रको हार' का रूपमा चित्रण गर्दै पहिलो पृष्ठमा स्काई र ब्यानर हेडलाइन बनाए । २०६३ जेठ ५ गतेको अन्नपूर्ण पोष्टले 'जनता सर्वोच्च, राजा अधिकारविहीन' शीर्षकमा ब्यानर न्यूज बनायो र प्रथम पृष्ठमा 'जनादेशको सम्मान' शीर्षकमा विशेष सम्पादकीयमा प्रकाशित गरि भनेको थियो :

प्रतिनिधिसभा घोषणाले राजा होइन, जनता नै र जनता मात्रै सम्प्रभु हुन्छन् भन्ने तथ्य प्रमाणित भएको छ । नेपालको लोकतान्त्रिक इतिहासमा यो सबै भन्दा गौरवमय क्षण हो । युगौं युगदेखि निर्णायक रहेका राजाको अधिकार र भूमिकालाई युग सापेक्ष परिवर्तन र व्यवस्थापन गर्ने कार्यको प्रारम्भ यस घोषणाले गरेको छ । बेलायतको म्याग्नाकार्टा र अमेरिकाको बिल अफ राइटको घोषणा भन्दा यसको महत्त्व कम अङ्कित हुने छैन (अन्नपूर्ण पोष्ट, २०६३ जेठ ५)।

त्यसैगरी कान्तिपुरले 'संसदको सर्वोच्चता' शीर्षकमा पहिलो पृष्ठमा ब्यानर न्युज बनायो भने गोरखापत्रले 'युगान्तकारी घोषणा' शीर्षकमा ब्यानर न्युज छाप्यो ।

**बजेट कटौती**

ज्ञानेन्द्र राजा भएपछि दरबारको बजेट २३३.५८ प्रतिशतले बढाइएको थियो । राजाले १२ वर्ष (२०४७-२०५९) देखि निष्कृय रहेको राजपरिवार खर्च व्यवस्थापनसम्बन्धी अध्यादेश जारी गरी आफ्नो तजविजमा बजेट बढाउन सक्ने व्यवस्था गरेका थिए (नेपाल राजपत्र, २०६१ जेठ ७)। २०६२-०६३ को नौ महिनामा दरबारले ७५ करोड ११ लाख खर्च गरिसकेको थियो । २०५९ जेठ ८ गते संसद विघटन भएपछिका चार वर्षमा दरबारको बजेट छ गुणले बढेको थियो (कान्तिपुर, २०६३ जेठ २)।

**सांस्कृतिक अधिकार कटौती**

कार्यकारी अधिकार छोडेको पाँच सातापछि साइरनविनाको कारगेटसहित आफैँ मोटर हाँकेर राजा ज्ञानेन्द्र मच्छिन्द्रनाथको भोटो देखाउने जात्रामा रानी कोमलका साथ जाउलाखेल पुगे । त्यो दिन अघिल्ला वर्षहरूमा जस्तो जात्रामा भक्तजनहरूको भिड देखिएन । २०६३ जेठ २० को कान्तिपुर लेख्छ, राजा-रानी सहभागी समारोहमा प्रधानमन्त्रीसहित अधिकांश मन्त्री उपस्थित हुने प्रचलन पहिलो पटक तोडियो । शिक्षामन्त्री मङ्गलसिद्धि मानन्धर र प्रधानन्यायाधीश दिलिपकुमार पौडेल भने समारोहमा सहभागी भए (कान्तिपुर, २०६३ जेठ २०)। २०६३ साउन १ गते राजालाई अधिकार दिइएका १६ ऐन खारेज गर्दै विश्वविद्यालय र पशुपति विकास कोषलगायतका संस्थामा राजा-रानी संरक्षक र कुलपति हुने प्रावधान हटाएर प्रधानमन्त्री रहने व्यवस्था गरियो (संसदीय विवरण पुस्तिका, २०७७ : १११)। मल्लवंशका अन्तिम राजा जयप्रकाशको पालादेखि राजा रानीको उपस्थितिमा प्रधानमन्त्री, प्रधानन्यायाधीश, सभामुख, मन्त्रीहरू र सुरक्षा निकायका प्रमुखहरू बसन्तपुरमा जम्मा भएर भव्यताका साथ इन्द्रजात्रा मनाउने प्रचलन २०६३ भदौ २१ गते देखि तोडियो । त्यस दिन राजदम्पती हनुमानढोका दरबारमा त पुगे तर पहिलो पटक राजमुकुट अङ्कित गाडी उनीहरूले प्रयोग गर्न पाएनन् । कार्यक्रममा पहिलो पटक प्रधानमन्त्री, सभामुख, मन्त्रीहरू, सुरक्षा निकायका प्रमुखहरू अनुपस्थित रहे । प्रधानन्यायाधिस मात्र सहभागी बने । त्यसैगरी नेपाली सैनिक मञ्च टुँडिखेलमा हरेक वर्ष दसैँमा हुने फूलपाती बढाइँमा राजा प्रमुख अतिथि र रानीसहित राजपरिवार विशिष्ट अतिथि रहने परम्परा २०६३ देखि पनि तोडियो । प्रधानसेनापति नै त्यो कार्यक्रमको प्रमुख अतिथि बनेको समाचार २०६३ असोज १२ गते सार्वजनिक भयो ।

**विधायकी र न्यायिक अधिकार कटौती**

पुनर्स्थापित प्रतिनिधिसभाले २०६२ जेठ २७ गते नियमावली पारित गरी राष्ट्राध्यक्षाको हैसियतमा राजाले संसदमा सरकारको वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्ने व्यवस्थाको अन्त्य गरी त्यो काम प्रधानमन्त्रीले गर्ने प्रावधान राखियो । संसदबाट पारित ऐनमा राजाले लालमोहर लगाउनु पर्ने व्यवस्था हटाएर सभामुखले प्रमाणीकरण गर्ने प्रावधान राखियो (नेपाल राजपत्र, २०६३ जेठ २७)। श्रीपेच अङ्कित लोगो लगाउन छोडेको चार महिनापछि २०६३ भदौ १२ गतेबाट सांसदहरूले महिला र पुरुषको हातमा राष्ट्रिय झन्डासहित नेपालको नक्सा भएको नयाँ लोगो प्रयोगमा ल्याए (नेपाल राजपत्र, २०६३ कात्तिक ६)।

२०६३ असार २३ गते जिल्ला न्यायाधीशहरूको नियुक्ति राजाबाट हुने संवैधानिक परम्परा अन्त्य गरियो । न्यायपरिषद्को सिफारिसमा पहिलो पटक प्रधानन्यायाधीशबाट ५१ जिल्ला न्यायाधीश नियुक्त भए (कान्तिपुर, २०६३ असार २४)।

अन्तरिम संविधान जारी भएको चौथो दिन २०६३ माघ ४ गते राष्ट्राध्यक्षाको हैसियतमा प्रधानमन्त्री कोइरालाले प्रधानन्यायाधीश दिलीपकुमार पौडेललाई सपथ गराए । राष्ट्राध्यक्षाको भूमिकामा रहेका उनी प्रधानमन्त्री र नेपाली कांग्रेसको सभापति समेत थिए (कान्तिपुर : २०६३ माघ ५)। कार्यकारी प्रधानमन्त्रीले प्रधानन्यायाधीशलाई सपथ गराउने कुरा सिद्धान्ततः मिल्ने कुरा थिएन । संक्रमणकालीन अवस्थामा त्यसलाई सच्याउनेतर्फ कसैको ध्यान गएन ।

**सम्पत्ति विवरण माग**

संसदको सार्वजनिक लेखा समितिले पहिलो पटक २०६३ असार १५ गते राजा र राजपरिवारका सदस्यको चल-अचल सम्पत्ति विवरण १५ दिनभित्र बुझाउन सरकारलाई निर्देशन दिएको एक महिनापछि भूमिसुधार मन्त्रालयले राजपरिवारको नाममा ३४ हजार रोपनी जग्गा भएको विवरण पेस गऱ्यो । एक सातापछि फेरि सरकारले राजपरिवारका सदस्यको नाममा ४० हजार रोपनी जग्गा रहेको जानकारी गरायो (कान्तिपुर, २०६३ साउन २९)।

**उत्तराधिकारीसम्बन्धी कानुन**

राजाको जेठो छोरामात्र उत्तराधिकारी हुने व्यवस्था हटाएर जेठो सन्तान छोरा वा छोरी जे भए पनि उत्तराधिकारी हुने व्यवस्थासहितको विधेयक सरकारले संसदमा ल्याउन लागेको खबर सार्वजनिक भयो । त्यसले राजतन्त्र कमजोर भएको र दलहरू कुनै स्वरूपको राजतन्त्र राख्न चाहन्छन् भन्ने सन्देश प्रवाह भयो (सुवासचन्द्र नेम्वाङ, अन्तर्वार्ता, १७ भदौं, २०७९) । साथै सरकराले शाही नातेदारहरूको सुविधा कटौती गर्दै राजा, रानी, युवराज, युवराज्ञी र मुमा बडामहारानीले मात्र सरकारी बजेट पाउने व्यवस्था गऱ्यो ।

**सैन्य अधिकार कटौती**

राजाको जन्मोत्सवमा विदा दिने, राज्यका तर्फबाट औपचारिक कार्यक्रम आयोजना गरी प्रधानमन्त्री, मन्त्रीसहित उच्च सरकारी अधिकारीहरूले दरबारमा पुगेर शुभकामना दिने परम्परा २०६३ असार २३ गतेदेखि

तोडिए पनि सरकारको औपचारिक निर्णयबिनै राजा ज्ञानेन्द्रको ६० औँ जन्मोत्सवमा सेनाको एउटा टुकुडीले सैनिक मञ्च टुँडिखेलमा २१ तोपको सालमी दिएको समाचार असार २४ गतेका पत्रिकामा छापियो । राजदरबारस्थित सैनिक सचिवालयको निर्देशनमा तोप पड्काइएको र सैनिक हेडक्वाटरको औपचारिक कार्यक्रम नभए पनि प्रधानसेनापतिसहित २४ भन्दा बढी उच्च सैनिक अधिकारीले दरबारमा पुगेर राजालाई शुभकामनाको समाचार सार्वजनिक भए (कान्तिपुर, २०६३ असार २४)। त्यो घटनाले सेनाको भूमिकामाथि प्रश्न र आशङ्का पैदा गरेको समाचारलाई पत्रपत्रिकाले महत्त्वका साथ छापे । कान्तिपुर दैनिक ले २०६३ असार २५ गतेको सम्पादकीयमा लेख्छ :

> सेनापति स्वयं जर्नेलहरूका साथ दरबार जानुले शाही नेपाली सेना कायमै रहेको सन्देश दिएको छ । त्यसै गरी सैनिक मञ्चबाट सेनाको टुकुडीले राजालाई २१ तोपको सलामी चढाउनुले देशमा युगान्तकारी राजनीतिक परिवर्तन भएको पनि बिर्साएको छ । साथै यसलाई लोकतान्त्रिक सरकार विरुद्ध सेनाको खुल्ला चुनौती मान्नु पर्छ । यस घटनाले सेना सरकार मातहत छ भन्ने विश्वास माथि कुठाराघात गरेको छ । त्यसै गरी प्रतिनिधिसभा घोषणा २०६३ को उल्लंघन गर्दै सेना दरबारको निर्देशनमा सक्रिय छ भन्ने सन्देश प्रवाह भएको छ । साथै सेनाबाट अझै लोकतन्त्रमाथिको खतरा टरेको छैन भन्ने विचारलाई बल पुऱ्याउने काम भएको छ । कुनै सरकारी पदाधिकारी नभएको ठाउँमा सेनापति जानु तथा सैनिक सचिवालयको निर्देशनमा सेनाले सलामी टक्र्याउनु संसदीय सङ्कल्पप्रति अविश्वास जनाउन प्रयाप्त छ ।(कान्तिपुर, २०६३ असार २५)

त्यस विषयमा सरकारले प्रधानसेनापति प्याराजङ्ग थापासँग सोधपुछ गऱ्यो र सेना संसदप्रति बफादर छ भन्ने सन्देश दिन २०६३ साउन ४ गते प्रधानसेनापति थापाले सभामुख सुवास नेम्वाङसमक्ष प्रतिनिधिसभा घोषणा अनुसार सपथ लिए (गोरखापत्र, २०६३ साउन ५)। सरकारले साउन ८ गते प्रमुख सैनिक सचिवालय खारेज गरी दरबार र सेनाबिचको सम्बन्ध पूर्णरूपमा विच्छेद गरिदियो (कान्तिपुर, २०६३ साउन ९)।

**सेरेमोनियल र बेबि किङको बहस**

संसदबाट राजाका अधिकार कटौती गरिए पनि मुख्य राजनीतिक दलका शीर्ष नेतृत्व कुनै न कुनै स्वरूपको राजतन्त्र राख्ने पक्षमै थियो । राजनीतिक दलका युवा, नागरिक समाज, पेसा व्यवसायीसहित जनताको ठूलो हिस्सा कुनै प्रकारको राजतन्त्र स्वीकार्न तयार नरहेको अवस्थामा राजाका चार वर्षीय नाति हृदयन्द्रलाई गद्दीमा राख्ने भन्दै 'बेबी किङ' को चर्चा सुरु भयो (झा, २०७२ : १२४) । 'बेबी किङ' का प्रस्तावक प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला नातीलाई गद्दी सुम्पिन राजा सहमत भए गणतन्त्रको पक्षमा अडान लिइरहेको माओवादीलाई समेत मनाउन सकिनेमा विश्वस्त थिए । राजा र युवराजले गद्दी त्यागे 'बेबी किङ' राख्न सकिने भनी उनले गृहनगर विराटनगरमा दिएको अभिव्यक्तिलाई लिएर पत्रपत्रिकामा कैयौँ दिनसम्म गर्मागर्म बहस चल्यो वाग्ले (२०७९) ले भनेका छन् :

> म सम्पादक रहेको कान्तिपुर दैनिकले 'बेबी किङ' होइन, अब गणतन्त्रमा गए हुन्छ भन्ने सन्देशका साथ बालक राजालाई बोकेर प्रधानमन्त्री कोइराला हिँडेको कार्टुन प्रकाशन गऱ्यो । हप्तौँसम्म त्यो कार्टुनको चर्चा चल्यो र नेपाली जनता कुनै प्रकारको राजतन्त्र स्विकार्न तयार छैनन् भन्ने सन्देश प्रवाह भयो । (नारायण वाग्ले, अन्तर्वार्ता, असोज १, २०७९)

ठूलो जोखिम उठाएर प्रधानमन्त्रीले राखेको प्रस्ताव राजाले अस्वीकार गरेपछि मुलुक सम्पूर्ण रूपमा

गणतन्त्रतर्फ अग्रसर भयो (रामशरण महत, अन्तर्वार्ता, कात्तिक १, २०७३) । त्यही घटनापछि कोइराला राजतन्त्र जोगाउन सकिँदैन भन्ने निष्कर्षमा पुगे (कटवाल, २०७१ : ४०४) । माओवादी र एमाले पहिलेदेखि नै गणतन्त्रको पक्षमा थिए, २०६४ असोज दोस्रो साता नेपाली कांग्रेसले स्थापनाकालदेखि मान्दै आएको संवैधानिक राजतन्त्रको सिद्धान्त छोड्ने निर्णय गरेसँगै मुलुकको वातावरण गणतन्त्रमय हुन पुग्यो । अनि २०६३ माघ १ गते राजाको भूमिका शून्य बनाएर राष्ट्राध्यक्षबाट हुने सबै काम प्रधानमन्त्रीले गर्ने व्यवस्थासहित अन्तरिम संविधान जारी भयो । अन्नपूर्ण पोष्ट दैनिकले २०६३ माघ २ गते पहिलो पृष्ठमा 'अन्तरिम संविधान जारी, नेपाल नयाँ युगमा' भन्ने शीर्षक दिएर व्यानर न्युज बनायो । त्यो दिनका सबै जसो पत्रिकाले मुलुक गणतन्त्रमा प्रवेश गरेको सन्देश प्रवाह गरे (कृष्णप्रसाद सिटौला, अन्तर्वार्ता, १९ साउन, २०७७ ) । २०६३ माघ १ गते 'गणतन्त्रात्मक युग' शीर्षकमा प्रकाशित कान्तिपुरको सम्पादकीयमा भनिएको थियो :

नेपालको इतिहासमा राजाको कुनै पनि स्थान उल्लेख नगरिएको यो नै पहिलो संविधान हुने छ । त्यस हिसाबले नेपाल नौलो युगमा प्रवेश गर्ने छ । राजा छन्, राजतन्त्र छ, तर राज्यकोषबाट छुट्टाइएको सुविधाका कारण मात्र वैधानिक रूपमा राजसंस्थाको अस्तित्व भेटिने छ । अब संविधानसभाको पहिलो बैठकबाट राजतन्त्रको टुङ्गो लाग्ने छ (कान्तिपुर, २०६३ माघ १)।

अन्तरिम संविधानको कार्यान्वयनसँगै राष्ट्र प्रमुखको हैसियतमा प्रधानमन्त्री कोइरालाले इतिहासमै पहिलो पटक २०६४ वैशाख ४ गते सिंहदरबारको स्टेटहलमा चीनका राजदुत जेङ जियाङ लिङको ओहोदाको प्रमाण पत्र बुझे (भण्डारी, २०७९ : २२२)। २०६४ पुष ८ गते दलहरूले चैत्र मसान्तभित्र चुनाव गराउने, संविधान संशोधन गरी नेपाललाई सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य घोषणा गर्ने र संविधानसभाको पहिलो बैठकबाट गणतन्त्रको कार्यान्वयन गर्ने सहमति भयो (शान्ति मन्त्रालय, असार, २०६९)।

**राजतन्त्रको अन्त्य र गणतन्त्र स्थापना**

२०६४ चैत्र २८ गते ऐतिहासिक संविधानसभा निर्वाचन सम्पन्न भयो । बन्दुकको नालबाट राज्यसत्ता कब्जा उद्देश्यका साथ सशस्त्र विद्रोहमा गएको नेकपा माओवादीलाई शान्ति प्रक्रिया ल्याएर निर्वाचनमार्फत् संसदमा प्रवेश गराउनु त्यो चुनावको ठूलो उपलब्धि थियो (रामचन्द्र पौडेल, अन्तर्वार्ता, २६ असार, २०७७) । संविधानसभाको पहिलो बैठक हुने दिन २०६५ जेठ १५ गते सबै जसो दैनिक पत्रिकाले संविधानसभाबाट राजतन्त्रको अन्त्य हुने सन्देश प्रवाह गरे । गोरखापत्र दैनिकले पहिलो पृष्ठमा 'गणतन्त्रको कार्यान्वयन आज' शीर्षकमा ब्यानर न्युज प्रकाशन गऱ्यो भने 'गणतान्त्रिक बिहानीमा हाम्रो प्रतिबद्धता' शीर्षकका प्रकाशित प्रकाशकीयमा भनिएको थियो : युगौँदेखि नेपाली जनतामाथि थोपरिएको निरङ्कुश सामन्ती राजतन्त्रको औपचारिक रूपमा अन्त्य र सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना हुँदैछ (गोरखापत्र, २०६५ जेठ १५)। संविधानसभाको पहिलो बैठकमा प्रधानमन्त्री कोइरालाका तर्फबाट गृहमन्त्री कृष्णप्रसाद सिटौलाले पेस गरेको गणतन्त्र कार्यान्वयनसम्बन्धी प्रस्ताव उपस्थित ५६४ मध्ये ५६० जनाको अपार बहुमतबाट पारित भयो । राष्ट्रिय प्रजातन्त्र पार्टी नेपालका चार सांसदले विपक्षमा मतदान गरे । बैठकको अध्यक्षता गरिरहेका जेष्ठ सदस्य कूलबहादुर गुरुङले नेपालमा राजतन्त्रको अन्त्य र गणतन्त्र कार्यान्वयनको प्रस्ताव पारित भएको घोषणा गर्नासाथ संविधानसभाका सदस्यहरूद्वारा करिव २ मिनेटसम्म गरिएको कर्तल ध्वनिसहितको हर्षोल्लासले सभाहल गुञ्जयमान भएको थियो (संविधानसभा दर्पण (२०६५-२०६९), २०७० : ९-१०)।

यसरी जनताको अभिमतबाट शान्तिपूर्ण रूपमा राजतन्त्रको अन्त्य भएर मुलुकमा गणतन्त्र बहाली भयो (संविधानसभा दर्पण (२०६५-२०६९), २०७० : ९-१०)।

संविधान र कानून भन्दामाथि, भगवान् विष्णुको अवतार मानेर पूजा गरिँदै आएका राजा सामान्य नागरिक बने । जेठ १६ गते गोरखापत्रले 'अब नेपाल गणतन्त्र' शीर्षकमा ब्यानर न्युज प्रकाशन गऱ्यो भने कान्तिपुर दैनिकले जनताको तस्विरमाथि रातो अक्षरमा 'गणतन्त्र नेपाल' शीर्षक दिएर स्काई हेडलाईन बनायो । त्यसैगरी अन्नपूर्ण पोष्टले 'गणतन्त्र जिन्दावाद' स्काइ हेडलाइन, 'राजतन्त्रको विधिवत् अन्त्य, गणतन्त्र कार्यान्वयन' शीर्षकमा ब्यानर समाचार छाप्यो भने 'सलाम नयाँ नेपाल !' शीर्षकमा विशेष सम्पादकीय प्रकाशन गऱ्यो । *अन्नपूर्ण पोष्ट*को सम्पादकीयमा भनिएको थियो :

> अधिकारको लडाइँमा जनता हारेको इतिहास छैन । जनताको शक्ति र भावना विपरीत कुनै शक्ति टिक्न सक्दैन भन्ने मान्यतालाई पहिलो पटक नेपालले यथार्थमा परिणत गरिदिएको छ । जनताको चाहना र भावनाको सम्मान गर्न तयार नभएकै कारण नेपाली राजतन्त्र इतिहासको कथामा सीमित हुन पुग्यो । लामो सङ्घर्षपछि जनता सार्वभौम एवं राजकीय सत्ताका मालिक बने । राजतन्त्रले गरेको अति नै उसका लागि खति भयो र नेपालीका लागि जाती भयो (अन्नपूर्ण पोष्ट, २०६५ जेठ १६)।

त्यसै गरी कान्तिपुरले जेठ १६ गतेको सम्पादकीयमा भनेको थियो :

> जनताका अधिकार खोसेर बारम्बार देशलाई निरङ्कुश बाटोमा लैजाने शाहवंशीय राजाहरूकै प्रयासले नेपालमा 'गणतन्त्र' आएको हो । २००७ सालमा स्थापना भएको प्रजातान्त्रिक व्यवस्थालाई मलजल गर्नुको साटो जनताका अधिकार खोसेर र लोकतान्त्रिक व्यवस्थालाई कमजोर बनाउन गरेको पटक पटकको हस्तक्षेपले मुलुकलाई गणतन्त्रको विन्दुमा पुऱ्याउन योगदान गरेको हो । त्यसमाथि दरवार हत्याकाण्ड र नयाँ राजा ज्ञानेन्द्रको महत्त्वाकाङ्क्षी प्रतिगमनले संवैधानिक राजतन्त्रप्रति आस्था राख्ने राजनीतिक दलहरूलाई समेत गणतन्त्रको कित्तामा पुऱ्याई दियो । त्यसैको परिणाम हो २३८ वर्ष लामो राजतन्त्रको अन्त्य र गणतन्त्रको स्थापना (कान्तिपुर, २०६५ जेठ १६)।

शान्तिपूर्ण रूपमा विना रक्तपात गणतन्त्र कार्यान्वयन हुनु विश्वकै लागि ऐतिहासिक घटना हो । संविधानसभा बैठक सुरु हुनु अघि राजाका रूपमा रहेका ज्ञानेन्द्र शाह साधारण नेपाली नागरिकमा रूपान्तरण भए । गणतन्त्र कार्यान्वयन भएलगत्तै नारायणहिटी दरबारमा राजाहरूले फहराउँदै आएको बाघको चित्र अङ्कित झन्डा हटाएर राष्ट्रिय झन्डा फहराइयो (भण्डारी, २०७९ : २३६)।

## निष्कर्ष

राजाले शासनसत्ता हातमा लिएर प्रेसमाथि सैन्य सेन्सरसिप लगाएको अवस्थामा मूलधारका पत्रपत्रिकाले संविधान र कानुनी बन्देजका कारण राजतन्त्रको विरोधमा लेख्न नसके पनि राजनीतिक दलहरूले शाही कदमको विरोधमा आन्दोलन थालेपछि आन्दोलनका समाचारलाई प्राथमिकता दिँदै पत्रपत्रिकाले राजाका नकारात्मक पक्षाको उजागर गरे । २०६२-०६३ को जनआन्दोलनमा उठेको राजतन्त्र विरोधी आवाजलाई महत्त्वका साथ स्थान दिएर पत्रपत्रिकाले गणतन्त्रको पक्षमा जनमत निर्माण गर्न योगदान गरे । जनआन्दोलनको बलमा प्रतिनिधिसभा पुनर्स्थापना भएपछि राजतन्त्र रहँदासम्म प्रजातन्त्र सुरक्षित रहँदैन भन्ने सन्देश प्रवाह गर्दै

गणतन्त्रको पक्षमा बलियो जनमत बनाएर संविधानसभा निर्वाचन सुनिश्चित गर्दै राजतन्त्रको अन्त्य र गणतन्त्र स्थापनाको पक्षमा बलियो जनमत निर्माणमा योगदान गरे ।

## सन्दर्भसामग्री


अधिकारी, सूर्यमणि (२०७१). *नेपालको प्रजातान्त्रिक आन्दोलनको इतिहास,* निराला पब्लिकेशन ।

कटवाल, रुक्माङ्गद (२०७१). *आत्मकथा,* नेपा-लय ।

कार्की, ज्ञानबहादुर (२०६९). *नेपालमा गणतन्त्र स्थापनाको इतिहास,* सिजल स्टोर ।

के.सी., सुरेन्द्र (२०६५). *नेपालमा कम्युनिष्ट आन्दोलनको इतिहास,* भाग-३, विद्यार्थी पुस्तक भण्डार ।

खनाल, कृष्ण (२०८०). *विश्वेश्वरप्रसाद कोइराला,* ओरिएन्टल पव्लिकेसन ।

गौतम, राजेश (२०७६, वैशाख). *नेपालको प्रजातान्त्रिक आन्दोलन र नेपाली कांग्रेस-भाग* ६. भुँडीपूराण प्रकाशन ।

झा, प्रशान्त (२०७२). *गणतन्त्रको सङ्घर्ष, नेपालको समकालीन इतिहास,* फाइन प्रिन्ट ।

थापा, हरिबहादुर (२०६४). लोकतन्त्र : प्रेसमा सकारात्मक परिवर्तन, बलराम बानियाँ (स.), *प्रेस स्वतन्त्रता : लोकतन्त्रको एक वर्ष* (पृ. १६७-१८४), नेपाल पत्रकार महासंघ केन्द्रीय समिति ।

दाहाल, तारानाथ (२०६१ माघ २०). *वक्तव्य,* नेपाल पत्रकार महासंघ, केन्द्रीय समिति ।

देवकोटा, राजेश्वर (२०७३). *आत्मकथा,* ईश्वरचन्द्र देवकोटा ।

नेपाल, जगत (२०७३). *पहिलो संसद, बीपी महेन्द्र टकराव,* साग्रिला बुक्स ।

पौड्याल बद्री र मैनाली, रघु (२०६४). *सङ्कटकालमा समाचार,* खोज पत्रकारिता केन्द्रका लागि हिमाल एसोसिएसन् ।

बस्नेत, चुडामणि (२०७७). वि.सं. २०६२-०६३ को जनआन्दोलनमा नागरिक आन्दोलन र नागरिक समाज, (पृ.१७१-१९२), *लोकतन्त्रमा नागरिक समाज : २५ वर्षको समीक्षा,* (सं. हर्षमान महर्जन, देवराज हुँमागाई, प्रत्युष वन्तसहित), मार्टिन चौतारी ।

भट्टराई, बाबुराम (२०५८, जेठ २४). नयाँ कोत पर्वलाई मान्यता दिनु हुँदैन, *कान्तिपुर दैनिक*।

भण्डारी, रामकृष्ण (२०७९ कात्तिक). *सत्ता सङ्घर्ष,* साग्रिला बुक्स ।

विष्ट, महेन्द्र (२०७४). *नेपालमा प्रेस स्वतन्त्रता,* साङ्ग्रिला पुस्तक प्रा.लि. ।

शर्मा, सुधीन्द्र (२०६६). *राजतन्त्र: अबको नेपाल ज्ञानको नेपाल* (पृ.१७-१९), सोसल साइन्स

हाछेथु, कृष्ण (२०६५). *नेपाल : संक्रमणकाल र लोकतन्त्र,* इन्टरनेसनल आइडिया ।


**अंग्रेजी पुस्तक**


Baran, Staney J. and Davis Denis K (2000*). Mass communication theory: Foundations, ferment, and future,* Wadsworth Lengage Learning .

McCombs, M. E., & Shaw, D. L. (1972). *The agenda-setting function of mass media*. Public opinion quarterly, *36*(2), 176-187. https://doi.org/10.1086/267990

McQuail, D. (2012). *Mass communication theory*. SAGE Publication India.

**अन्य प्रकाशन**

संसदीय विवरण पुस्तिका, (२०६३-०१-१५ देखि २०६३-१०-०१). २०७७, संघीय संसद सचिवालय

संविधानसभा दर्पण (२०६५-२०६९), (२०७०). व्यवस्थापिका संसद सचिवालय ।

नेपालको शान्ति प्रक्रियामा हालसम्म भएका सम्झौता, सहमति, समझदारी, घोषणा र निर्णयहरूको संकलन (बाह्र बुंदे समझदारी र विस्तृत शान्ति सम्झौता समेत). (असार २०६९). शान्ति तथा पुनर्निर्माण मन्त्रालय, http://cyic.gov.np/ images/over/ Shahamati_Samjhauta.pdf

**राजपत्र**

नेपाल गजेट, २०१३ बैशाख ११ गते, खण्ड ६, संख्या २, नेपाल सरकार

नेपाल राजपत्र, २०६१ जेठ ७ गते, खण्ड ५४, अतिरिक्ताङ्क ५ (क), नेपाल सरकार

नेपाल राजपत्र, २०६३ जेठ ४ गते, खण्ड ५६, अतिरिक्ताङ्क ११, नेपाल सरकार

नेपाल राजपत्र, २०६३ जेठ २७, खण्ड ५६, अतिरित्ताङ्क १८, नेपाल सरकार

नेपाल राजपत्र, २०६३ कात्तिक ६, खण्ड ५६, संख्या २५, नेपाल सरकार

**अन्तर्वार्ता**

आचार्य, नीलाम्बर (२०७५, कात्तिक २३). आचार्य, अन्तरिम सरकार (२०४७) ।

दाहाल, राजेन्द्र (२०७९, भदौ २३). दाहाल ।

नेम्वाङ, सुवासचन्द्र (२०७९ भदौ १७). नेम्वाङ ।

पौडेल, रामचन्द्र (२०७७ असार २६ र २८). राष्ट्रपति पौडेल ।

भट्टराई, बाबुराम (२०७६ साउन २०). पूर्व प्रधानमन्त्री भट्टराई ।

भट्टराई, मनोहरप्रसाद (२०७९ भदौ १७). भट्टराई, संसद सचिवालय ।

महत, रामशरण (२०७३, कात्तिक १). महत, पूर्व अर्थमन्त्री ।

वाग्ले, नारायण (२०७९, असोज १). वाग्ले, कान्तिपुर दैनिकका पूर्वसम्पादक ।

सिटौला, कृष्णप्रसाद (२०७७ साउन १९). सिटैला, पूर्व गृहमन्त्री तथा माओवादीसँग वार्ता गर्ने सरकारी टोलीका संयोजक ।

**पत्रपत्रिका**

गोरखापत्र दैनिक (२०६३ जेठ ५, २०६३ साउन ५, २०६५ जेठ १५, २०६५ जेठ १६) ।

कान्तिपुर दैनिक (२०५८, जेठ २४, २०६३ जेठ २, २०६३ जेठ ५, २०६३ जेठ २०, २०६३ असार २४, २०६३ असार २५, २०६३ साउन ९, २०६३ साउन २९, २०६३ माघ १, २०६३ माघ ५, २०६५ जेठ १६) ।

अन्नपूर्ण पोष्ट दैनिक, (२०६३ जेठ ५, २०६३ माघ २, २०६५ जेठ १६) ।

❑